# <u>जेन-जी आन्दोलनमा विभिन्न भूमिकामा संलग्न समूहहरूको संयुक्त प्रेस विज्ञप्ति</u>

देशमा दशकौँ देखि व्याप्त कुशासन, भ्रष्टाचार, जवाफदेहिताको अभाव, अपारदर्शिता, सार्वजनिक संस्थाहरूमा भएको दलीयकरण र दण्डहीनता विरुद्ध आम नेपाली जनताको असन्तुष्टि र आक्रोशको परिणाम स्वरूप २०८२ साल भाद्र २३ गतेबाट जेन-जीद्वारा शान्तिपूर्ण आन्दोलन सुरु गरिएको थियो। सोही दिन पुर्व प्रधानमन्त्री के.पि. शर्मा ओलि र गृहमन्त्री रमेश लेखकको नेतृत्वको सरकारबाट भएको संवेदनाहिन र बर्बर प्रहरी दमनका कारण १९ जना जेन जी आन्दोलनकारी नेपाली जनताले ज्यान गुमाउनु पर्यो र सयौंलाई घाइते हुनु पर्यो। त्यसको आक्रोश स्वरूप निस्किएको भाद्र २४ को आन्दोलनले अकल्पनीय मोड लियो। विभिन्न अपराधिक गिरोह तथा स्वार्थ समुहद्वारा भएको सुनियोजित घुसपैठ र आपराधिक क्रियाकलापलाई राज्य आतंक र राज्यशक्तिको अधिक प्रयोगले थप आतंकित गर्यो। फलस्वरुप, आजसम्मको मृत्यु दर ७४ पुगेको छ, १८०० भन्दा बढी घाइते भएका छन्। मृत शहिद तथा घाईते व्यक्ति तथा पिडित परिवारप्रति हार्दिक सम्मानसहित समवेदना व्यक्त गर्दछौ । अरबौँ रकम बराबरको सार्वजनिक तथा निजी सम्पत्तिको नोक्सान भएको छ। संसद, सिंहदरबार, अदालतदेखि विद्यालय, सडक, सुपरमार्केट, निजी निवासमा भएको आक्रमणद्वारा जेन-जीको शान्तिपूर्ण आन्दोलनलाई आफ्नो निहित स्वार्थको लागि रणमैदान बनाएका राजनैतिक र समन्वित आपराधिक गिरोहहरूको चलखेलको घोर भर्त्सना पनि गर्दछौँ। साथै, यी सबै घटनाका कारक तत्कालिन हत्यारा सरकारका नाइकेहरू खड्क प्रसाद शर्मा ओली, रमेश लेखक र संलग्न प्रमुख जिल्ला अधिकारीहरूलाइ तत्काल पक्राउ गर्न अन्तरिम सरकारको ध्यानाकर्षण गराउदछौँ ।

यो आन्दोलनले सरकार, नेतृत्व र दलप्रति जनताको विश्वास गुमिसकेको ठूलो प्रमाण र चेतावनी दिएको छ। जेन-जीको नेतृत्वमा भएको यस जनआन्दोलनका मागहरू सम्बोधन गरेर यस आन्दोलनलाई पूर्णता दिन भने

अझै बाँकी छ। यसका लागि राज्य पक्ष र आन्दोलनरत पक्षबीच सम्झौता हुनु अत्यावश्यक छ। त्यसैले, अन्तरिम सरकारको वैधानिकता स्वीकार्दै यसलाई दिशानिर्देश गर्ने, जवाफदेही बनाउने र भावी सरकारलाई समेत मार्गदर्शन गर्ने गरी सम्झौता अपरिहार्य छ।

यस्ता सम्झौताहरू केवल नेपालमा मात्र नभई, विश्वव्यापी अभ्यास हुन्। २०६२/६३ जनआन्दोलन पश्चात नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता र नारीवादी आन्दोलन, आदिवासी आन्दोलन, मधेस आन्दोलन, दलित आन्दोलन, थरुहट आन्दोलन लगायतका संघर्षहरुको फलस्वरुप राजतन्त्रको अन्त्य गर्दै संघीयता, धर्मनिरपेक्षता र समावेशी लोकतान्त्रिक गणतन्त्रको स्थापना गरियो। बाङ्गलादेशमा विद्यार्थी आन्दोलनपछि २०८१ मा 'जुलाई घोषणा' जारी भई संवैधानिक पुनर्संरचना र दिगो लोकतान्त्रिक सुधारलाई संस्थागत गरियो। दक्षिण अफ्रिकामा १९९१ मा भएको 'राष्ट्रिय शान्ति सम्झौता'ले राजनीतिक हिंसा अन्त्य गरी लोकतान्त्रिक संविधानको बाटो खोल्यो। तसर्थ यी विश्वअभ्यासलाई आधार मान्दै नेपालको २०८२ साल भाद्र २३ र २४ गते भएको जेन-जी आन्दोलनलाई समेत संस्थागत गरि आधिकारिक दस्तावेजीकरण गर्न यो सम्झौता अपरिहार्य छ।

हामी यो लोकतान्त्रिक व्यवस्थामाथि होइन, व्यवस्थालाई चल्न नदिने राजनैतिक नेतृत्व, दल, कार्यकर्ता र यो राजनैतिक प्रवृत्तिमाथि प्रश्न गरिरहेका छौँ। पूर्व सरकार र नेतृत्वले आफ्नो असफलतालाई व्यवस्थामा लगेर जोड्ने र गुनासो गर्ने गनगने प्रवृत्ति देखेकै छौँ। नेतृत्वको असक्षमता, कुदृष्टि र भ्रष्ट नियतका कारण यो व्यवस्थाले काम गर्न असफल भएको हो। शंका व्यवस्थामा होईन, राजनैतिक नेतृत्व, राजनैतिक इच्छाशक्ति,दलीय नैतिककता, कार्यप्रणाली र व्याप्त दलियाकरण र दलतन्त्रप्रति हो। यसर्थ, हामी वर्तमान राजनीतिकर्मीलाई खबरदारी पनि गर्न चाहन्छौँ। अब पनि नैतिकताले पार्टिका नेतृत्वमा रहेका लाई आफूले जनता र सरकारबाट विविध स्वरुपमा भ्रष्ट्राचार गरि लुटेर लगेको धन सरकारलाई सुम्पिदिनुका साथै आफ्नो पार्टीको नेतृत्व तेस्रो पुस्तामा हस्तान्तरण गरिदिन आव्हान गर्न चाहन्छौँ। यो बहुदलीय

व्यवस्था हो। यसकारण राजनैतिक दलका तेश्रो पुस्तालाई आह्वान पनि गर्न चाहन्छौँ, देशमा झल्किएको परिवर्तनको हुङ्कारलाई पार्टी भित्र पनि लैजानुस्। असल, इमानदार, नैतिकवान्, दयालु, पारदर्शी, जवाफदेही र जनताप्रति सहानुभूति भएका नेतृत्व, सबै राजनीतिक दलमा अपरिहार्य बनेको छ । समावेशिता, सामाजिक न्याय र लोकतन्त्रलाई सार्थक पार्ने नेतृत्व चाहिएको छ । दल वा निहित समूहप्रति नभई जनताप्रति उत्तरदायी र इमान्दार राज्य नेतृत्व चाहिएको छ ।

नेपालमा हामीले सामुहिक रुपमा नेतृत्वको परिभाषा नै परिवर्तन गर्नुपर्नेछ। माइकमा चिच्याएर लोक्रिझ्याईंको भाषा चल्नेवाला छैन। अब भनेको तथ्यको आधारमा, अनुसन्धान र अनुभवमुखी ज्ञान, मौलिक तथा स्थानीय ज्ञानलाई हामी नेतृत्वको मूल मन्त्र मान्नेछौं। संरचनाका पिँधमा रहेका र पछाडि पारिएका, शोसित तथा बहिष्कृत वर्ग समुदायको बहुल उपस्थिति र उनीहरुको उच्चतम विकास मुल प्राथमिकता हुनेछ ।

हामीलाई थाहा छ, भ्रष्टाचार केही सिमित व्यक्तिले मात्र होइन, यो संरचनागत प्रश्न हो । यसलाई निर्मूल गर्न राजनीतिक विद्रोह मात्र नभई सामाजिक सचेतना र परिवर्तन आवश्यक छ। त्यसैले हामी नागरिक समाज र सम्पूर्ण जनतालाई सशक्त निगरानी र व्यावहारिक परिवर्तनमा जोड दिन आह्वान गर्दछौँ। देश नयाँ सरकार र नेतृत्वले मात्र सुधार्ने होइन, देश हामी सबैले मिलेर सुधार्ने हो।



पुन: दोहोर्याउन चाहन्छौँ कि हामी सङ्घीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता र पूर्ण समानुपातिक समावेशीता र अर्थपूर्ण सहभागिताको सिद्धान्तमा अडीक छौँ।



यही मर्मका साथ १२ वटा Gen-Z समूह (३९ जिल्लाका प्रतिनिधिसहित) को सहमतिमा "जेन-जीको नेतृत्वमा भएको जनआन्दोलनको जनादेशसम्बन्धी प्रस्तावित सम्झौता" तयार गरिएको हो। लोकतान्त्रिक र समावेशी परामर्श प्रक्रियामार्फत, बन्द कोठामा होइन, खुला छलफल र प्राविधिक माध्यम प्रयोग

गरेर यसलाई परिष्कृत गरिएको हो। SpeakUpNepal नामक डिजीटल हस्ताक्षर संकलन गर्ने वेबसाइटमार्फत प्रकाशित गरिएको यो दस्तावेजलाई प्रत्यक्ष भेटघाट र देशभरिका Gen Z समुहहरुसँगको अनलाइन छलफलद्वारा परिष्कृत गरियो।

यसलाई असोज ०६, २०८२ गते सम्माननीय प्रधानमन्त्री सुशिला कार्कीसमक्ष प्रस्तुत गरियो। अतः यस सम्झौतामा तत्काल हस्ताक्षर गरी यथाशीघ्र कार्यान्वयनमा लैजान सरकारलाई दृढ अनुरोध गर्दछौँ।

समेटिएका जिल्लाहरु: दाङ, काभ्रे, सङ्खुवासभा, ओखलढुङ्गा, ललितपुर, मुगु, भोजपुर, उदयपुर, हुम्ला, पश्चिम रुकुम, खोटाङ, बाग्लुङ, सिन्धुपाल्चोक, म्याग्दी, रामेछाप, रुपन्देही, कास्की, पर्सा, चितवन, सिराहा, झापा, मोरङ, पाल्पा, अछाम, सुनसरी, कन्चनपुर, सर्लाही, नवलपुर, रौतहट, बारा, महोत्तरी, कपिलवस्तु, काठमाडौँ, बाजुरा , गोर्खा, मकवानपुर, कैलाली, धनुषा, सप्तरी ।

| | | |
|---|---|---|
| Samana Lawati<br>Pema Wangmo Lama<br> | <br>रिजन राना मगर | <br> |
| **Indigenous GenZ Collective** | **GenZ Movement Alliance (National Council)** | **howtodeshbikash** |

| | | |
|---|---|---|
|  Bishesh Shah |  MD Nayim Rain |  Hem Chaudhary |
| **GenZ Parsa** | **Muslim GenZ Nepal** | **Nawa Yug** |
|  Amit Khanal (Urjaa) | Nabin Rai |  Aavash Sapkota |
| **New Wave** | **Gen Z Movement Alliance- Districts Councils Forum** | **Gen Z Chitwan** |